# आबुँखैरेनी गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ६** **संख्याः ३** **मितिः २०७९/०३/२७**

भाग-१

आँबुखैरेनी गाउँपालिका

## आँबुखैरेनी गाउँपालिका शिक्षा ऐन, २०७९

<u>प्रमाणीकरण मिति</u>
२०७९/०३/२७

प्रस्तावना:
नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धी अधिकार कार्यान्वयन गर्न र आँबुखैरेनी गाउँपालिका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालयहररूको साथै अन्य शैक्षिक संस्थाहरूको व्यवस्थापनमा सुधार गरी सबै बालबालिकाको विद्यालय शिक्षा पाउने मौलिक हकको सम्मान गर्दै गाउँपालिकाभित्रका सबै बालबालिकाहरूको लागि क्रमश: अनिवार्य, निशुल्क, गुणस्तरीय र जीवनोपयोगी विद्यालय शिक्षाको व्यबस्था गरी शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित लोकतन्त्रमा आधारित समाजवाद उन्मुख जनशक्ति तयार गर्न, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउन, नागरिकको व्यक्तित्व

विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गरी बालबालिकाहरूको लागि उच्च गुणस्तरको सिकाइ अवसर वृद्धि गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ (१), अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) र २१ ले दिएको अधिकार प्रयोग गरी आँबुखैरेनी गाउँपालिका गाउँ सभाले यो ऐन बनाएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

(१) संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "आँबुखैरेनी गाउँपालिका शिक्षा ऐन २०७९" रहेको छ।

(२) यो ऐन आँबुखैरेनी गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ।

(३) यो ऐन आँबुखैरेनी गाउँपालिकाको गाउँसभाले पारित गरेपछि तुरून्त लागु हुनेछ।

(२) परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(१) "**प्रारम्भिक बालशिक्षा**" भन्नाले ३ (तीन) बर्ष देखि ५ (पाँच) बर्ष सम्मका बालबालिकाहरूलाई दिइने दुई बर्षे शिक्षा सम्झनुपर्छ।

(२) "**प्राथमिक शिक्षा**" भन्नाले प्रारम्भिक बालशिक्षादेखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(३) "**आधारभूत शिक्षा**" भन्नाले प्रारम्भिक बालशिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(४) "**माध्यमिक शिक्षा**" भन्नाले प्रारम्भिक बालशिक्षादेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(५) "**विद्यालय शिक्षा**" भन्नाले आधारभूत र माध्यामिक दुवै शिक्षा सम्झनुपर्छ।

(६) "**प्राविधिक तथा व्यावसायिक शिक्षा**" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म वा दश कक्षा पछिको ३ (तीन) वर्षे पाठ्यक्रम अध्यापन गराइने शिक्षालाई सम्झनुपर्छ।

(७) "**विशेष शिक्षा**" भन्नाले दृष्टिविहीन वा बहिरा वा अटिज्म वा बौद्धिक अपाङ्गता वा सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुटै समूहमा राखी विशेष रूपमा दिइने शिक्षा सम्झनुपर्छ।

(८) **"समावेशी शिक्षा"** भन्नाले देहायको शिक्षा सम्झनु पर्छः

(क) दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रहि दिइने शिक्षा

(ख) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि परेका वा पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा।

(९) "**निशुल्क शिक्षा**" भन्नाले तोकिएको शीर्षकहरूमा कुनै शुल्क लिन नपाउने गरी व्यवस्थापन गरिएको शिक्षा सम्झनुपर्छ। यो व्यवस्थाले नेपालको संविधानको धारा ३९ को उपधारा २ बमोजिम बालबालिकाको शिक्षाको लागि परिवारको दायित्व तोक्ने गरी गाउँपालिकाले कानून

बनाउन बन्देज लगाएको मानिने छैन ।

(१०) "**सामुदायिक विद्यालय**" भन्नाले समुदायको पहलमा स्थापना गरिएको गैर नाफामूलक र नेपाल सरकारबाट नियमित रूपमा अनुदान वा सहयोग वा समपुरक पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ । यो शब्दले धार्मिक विद्यालय (गुम्वा वा गुरूकूल वा मदरशा) समेतलाई जनाउनेछ ।

(११) "**संस्थागत विद्यालय**" भन्नाले निजी लगानीमा स्थापना गरिएका नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(१२) "**सहकारी विद्यालय**" भन्नाले सहकारी मूल्य, सिद्धान्तमा आधारित भई कम्तिमा २०० (दुई सय) शेयर सदस्य भएको, कुल पूँजीमा १ (एक) जना शेयर सदस्यको बढीमा १० (दश) प्रतिशत सम्म हिस्सा कायम भएको एवं बचत तथा ऋणको कारोबार नगर्ने र शेयर पूंजी तथा जगेडा कोषको लगानी हुने मूल आधारमा प्रचलित कानून बमोजिम स्वीकृत विनियम अनुसार शिक्षा सम्बन्धी मात्र कार्य गर्ने. स्वीकृती पाई शिक्षालय वा विद्यालय सञ्चालन (दर्ता) अनुमति प्राप्त संगठित संस्था सम्झनुपर्छ ।

(१३) "**आवासीय विद्यालय**" भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(१४) "**शैक्षिक गुठी**" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्ति, समुह वा संस्थाले नाफा नलिने उद्देश्यले स्थापना गरिएको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(१५) "**शिशु विकास केन्द्र**" भन्नाले ३ (तीन) वर्ष मुनिका बालबालिकालाई तोकिएको मापदण्ड बमोजिम उचित स्याहार सहित प्रदान गरिने विद्यालय बाहिरको सेवा सम्झनुपर्छ ।

(१६) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(१७) "**शिक्षक छनौट समिति**" भन्नाले स्वीकृत दरवन्दी तथा थप अनुदान राहत कोटामा साथै गाउँपालिकाको स्रोतमा करारमा शिक्षक नियुक्तिको सिफारिश गर्न गठन भएको पालिका स्तरीय शिक्षक छनौट समिति लाइ सम्झनु पर्छ ।

(१८) "शिक्षा ऐन, २०२८" भन्नाले तत्काल कार्यान्वयनमा रहेको शिक्षा ऐन, २०२८ ( संशोधन सहित) लाई सम्झनुपर्छ ।

(१९) **"अनुमति"** भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ

(२०) **"स्वीकृति"** भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(२१) **"गाउँपालिका"** भन्नाले आँबुखैरेनी गाउँपालिका सम्झनुपर्छ ।

(२२) **"गाउँ सभा"** भन्नाले आँबुखैरेनी गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(२३) **"कार्यपालिका"** भन्नाले आँबुखैरेनी गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(२४) **"अध्यक्ष"** भन्नाले आँबुखैरेनी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(२५) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रशासकीय प्रमुखको रूपमा काम गर्न तोकिएको अधिकारी सम्झनुपर्दछ।

(२६) **"शिक्षा शाखा प्रमुख"** भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख सम्झनुपर्दछ।

(२७) **"स्थायी आवासीय अनुमति"** भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमनेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ।

(२८) **"पुस्तकालय"** भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट अनुमति लिई सञ्चालन भएको विभिन्न पुस्तकहरू संग्रह गरी अध्ययन गर्न उपयुक्त हुने गरी निर्माण गरिएको संस्था जनाउँछ।

(२९) **"शैक्षिक परामर्श केन्द्र"** भन्नाले शैक्षिक परामर्श प्रदान गर्ने उद्देश्यले नेपाल सरकार वा गाउँपालिकाबाट अनुमति वा स्वीकृति प्राप्त संस्थालाई जनाउँछ।

(३०) **"संघीय शिक्षा ऐन"** भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐन सम्झनुपर्दछ।

(३१) **"प्रादेशिक शिक्षा ऐन"** भन्नाले गण्डकी प्रदेश संसदले बनाएको शिक्षा ऐन सम्झनुपर्दछ।

(३२) **"शिक्षा समिति"** भन्नाले दफा १९ बमोजिम गठन भएको गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ।

(३३) **"शिक्षा शाखा"** भन्नाले गाउँपालिकाको शिक्षा शाखा सम्झनुपर्दछ।

(३४) **"सुपरीवेक्षक"** भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको व्यक्तिलाई सम्झनुपर्छ।

(३५) **"वडा शिक्षा समिति"** भन्नाले दफा २० बमोजिम गठन भएको समितिलाई सम्झनुपर्दछ।

(३६) **"अभिभावक"** भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको बाबु, आमा, बाजे, बजै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरू मध्येबाट विद्यालयको अभिलेखमा जनिएको व्यक्तिलाई जनाउँछ।

(३७) **"कोष"** भन्नाले दफा २४ बमोजिम खडा गरिएको गाउँ शिक्षा कोषलाई सम्झनुपर्छ।

(३८) **"आधारभूत विद्यालय"** भन्नाले उपदफा (३) बमोजिमको शिक्षा दिईने विद्यालय सम्झनुपर्छ।

(३९) **"माध्यमिक विद्यालय"** भन्नाले उपदफा (३ ) र (४ ) वा उपदफा (४) बमिजमको शिक्षा दिईने विद्यालय सम्झनुपर्छ।

(४०) **"प्रारम्भिक बाल शिक्षा केन्द्र"** भन्नाले उपदफा (१) बमोजमको शिक्षा दिन खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, किण्डर गार्डन र मन्टेश्वरी शिक्षा लगायतलाई सम्झनुपर्छ।

(४१) **"प्रधानाध्यापक"** भन्नाले विद्यालयको प्राज्ञिक एवं प्रशासनिक प्रमुखको रूपमा नियानुसार नियुक्ति भएको विद्यालयको प्रधानाध्यापकलाई सम्झनुपर्छ।

(४२) **"आधारभूत शिक्षा उत्तिर्ण परीक्षा"** भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ।

(४३) **"परीक्षा समिति"** भन्नाले आधारभूत तहको अन्त्यमा र गाउँपालिकाले संचालन गर्ने अन्य कक्षा वा तहको अन्त्यमा हुने परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्न गठित समितिलाई सम्झनुपर्छ।

(४४) **"व्यवस्थापन समिति"** भन्नाले यसै ऐन बमोजिम विद्यालयहरूमा गठन हुने विद्यालय व्यवस्थापन

समितिलाई सम्झनुपर्छ ।

(४५) **"शैक्षिक सत्र"** भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनुपर्छ ।

(४६) **"शुल्क"** भन्नाले विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनुपर्छ ।

(४७) **"संविधान"** भन्नाले नेपालको संविधान २०७२ सम्झनुपर्छ ।

(४८) **"स्थानीय सरकार सञ्चालन ऐन"** भन्नाले संघीय संसदले जारी गरेको स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनुपर्छ ।

(४९) **"स्थानीय तह"** भन्नाले नेपालको संविधान बमोजिम गठन भएका गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ ।

(५०) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद – २

## शिक्षाको प्रकार विद्यालयको प्रकार, स्थापना, कक्षा थप, समायोजन नियमन तथा सिकाइ केन्द्र सम्बन्धि व्यवस्था

(३) माध्यमिक शिक्षाको प्रकारः माध्यमिक शिक्षाको प्रकार देहाय बमोजिम हुनेछ :

(१) साधारण माध्यमिक शिक्षा,

(२) संस्कृत माध्यमिक शिक्षा,

(३) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

(४) विद्यालयको प्रकारः विद्यालयको प्रकार देहाय बमोजिम हुनेछ ।

(क) सामुदायिक विद्यालय,

(ख) संस्थागत विद्यालय,

(ग) शैक्षिक गुठी,

(घ) सहकारी विद्यालय

(५) विद्यालय स्थापन, संचालन वा कक्षा थप गर्न अनुमति र स्वीकृति लिनु पर्ने :

(१) कुनै नेपाली नागरिक वा समुदायले सामुदायिक विद्यालय वा संस्थागत विद्यालय वा शैक्षिक गुठी वा सहकारी विद्यालय खोल्न वा कक्षा थप गर्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित शैक्षिक सत्र सुरू हुनुभन्दा तीन महिना अगावै शिक्षा शाखामा अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर संघीय, प्रादेशिक र गाउँपालिकाको कानून अनुसार गाउँपालिकाको शिक्षा शाखाले आवश्यक जाँचवुझ गरी शिक्षा समितिमा पेश गर्नेछ र उक्त विषयको प्रतिवेदनलाई राय सहित शिक्षा समितिमाबाट आवश्यक जाँचबुझ गर्दा विद्यालय खोल्न वा कक्षा थप गर्न मनासिब देखिएमा तोकिएको पूर्वाधार र अन्य मापदण्ड पूरा गर्न प्रक्रिया अघि बढाउन शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम शिक्षा शाखा प्रमुखले शैक्षिक सत्र सुरू हुनुभन्दा अगावै अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) अनुसार तोकिएको पूर्वाधार र अन्य मापदण्ड पुरा गरी शिक्षा शाखामा निबेदन प्राप्त भएपश्चात शिक्षा शाखाले शिक्षा समितिमा पेश गर्नेछ र उक्त विषयको प्रतिवेदनलाई अध्ययन गरी शिक्षा समितिमाबाट विद्यालयलाई स्वीकृति प्रदान गर्न मनासिब देखिएमा शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम शिक्षा शाखा प्रमुखले शैक्षिक सत्र सुरू हुनुभन्दा एक महिना अगावै तोकिएको ढांचामा स्वीकृतिको प्रमाणपत्र दिन सक्नेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि नाफा कमाउने उद्देश्यले कम्पनीको रूपमा विद्यालय सञ्चालनको अनुमति दिइने छैन ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिए पनि कुनै विद्यालयले कम्पनी खारेज गरी कानूनमा भएको व्यवस्था अनुसार शैक्षिक गुठी वा सहकारीमा रूपान्तरण हुन दफा (४) बमोजिमको प्रक्रिया अघि बढाउन बाधा पर्ने छैन ।

(६) उपदफा (२), (३) र (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाएका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन :

(क) सरकारी वा सार्वजनिक भवन वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाइ सञ्चालन भएको विद्यालय ।

(७) संघीय तथा प्रादेशिक कानूनमा व्यवस्था भएको अवस्थामा बाहेक यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अर्न्तगत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी संचालक (ट्रस्टी) संगठित संस्थाको रूपमा हुनुपर्ने ,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा ३० (तीस) जना र निजी गुठी भए कम्तीमा ७ (सात) जना सदस्य भएको संगठित संस्था हुनु पर्ने,

(ग) शैक्षिक गुठीको आय-व्ययका श्रेस्ता तोकिए बमोजिम तयार गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवन कालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा संघीय र प्रादेशिक कानूनमा व्यवस्था भएकोमा बाहेक गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा यस ऐन र प्रचलित कानुन बमोजिमको प्रक्रिया पूरा गरी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन्।

(१०) संघीय कानून अनुसार कुनै विदेशी शिक्षण संस्था संग सम्बन्धन गर्ने गरी नेपाल सरकारले विद्यालय खोल्न अनुमति वा स्वीकृति दिई सञ्चालन भएको विद्यालयको सञ्चालन संघीय कानून अनुसार हुनेछ तर ती विद्यालयको अनुगमन, निरीक्षण र आधारभूत तहको परीक्षार्थीको मूल्याङ्कन गाउँपालिकाबाट हुनेछ ।

(११) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको योजना तर्जुमा सञ्चालन अनुमति र नियमन तोकिए बमोजिम हुनेछ ।

(१२) गैरनाफामूलक विशेष सेवा सुविधायुक्त संस्थागत विद्यालय, गैरनाफामूलक तथा सहकारीमा आधारित विद्यालयलाई अनुमति दिदा पहिलो वर्ष कक्षा ०-५ (प्राथमिक तह), दोस्रो वर्ष कक्षा ६-८ (आधारभुत तह), त्यस पछि प्रत्येक वर्ष एक कक्षा मात्र थप गर्ने गरी अनुमति दिन सकिने छ ।

(१३) यस दफा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) नवीकरणको व्यवस्था :

(१) हरेक वर्षको शैक्षिक सत्र सकिनु अगावै संस्थागत तथा निजी विद्यालयहरूले आफुले सञ्चालन गर्ने कक्षा र भर्ना योजना सहित शिक्षा शाखामा नविकरण गर्नु पर्नेछ ।

(२) संस्थागत तथा निजि विद्यालयको संचालन वा कक्षा थप स्वीकृति र नविकरण शुल्क तोकिएबमोजिम हुनेछ ।

(७) विद्यालय खोल्नका लागि पूर्वाधार पूरा गर्नु पर्नेः

(१) सामुदायिक तथा संस्थागत विद्यालयहरूले पूरा गर्नुपर्ने पूर्वाधारहरू तोकिए बमोजिम हुनेछ । प्रचलित कानून अनुसार तोकिएको पूर्वाधार तयार नहुँदा सम्म विद्यालयहरूलाई सञ्चालनको स्वीकृति दिइने छैन ।

(२) यो ऐन जारी हुँदा सञ्चालनमा रहेका संस्थागत विद्यालयले तोकिएको समयसिमा भित्र दफा (४३) बमोजिमको पूर्वाधार पूरा गर्ने दायित्व सम्बन्धित विद्यालयको हुनेछ । तोकिएको अवधिमा पनि पूर्वाधार पूरा नगर्ने विद्यालयको सञ्चालन स्वीकृति रद्द हुनेछ ।

(३) सामुदायिक विद्यालहरूको पूर्वाधार विकासमा सहयोग गर्ने दायित्व संघ, प्रदेश र गाउँपालिकाको हुनेछ ।

(८) विद्यालय सार्न, समायोजन गर्न, नाम परिवर्तन गर्न, कक्षा वा तह स्थगन गर्न वा बन्द गर्न सक्ने : कार्यपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न, दुई वा दुईभन्दा बढी विद्यालयलाई एक आपसमा समायोजन गरी एउटा विद्यालय कायम गर्न, विद्यालय बन्द गर्न, नाम परिवर्तन गर्न, कक्षा वा तह स्थगन गर्न वा बन्द गर्न सक्नेछ ।

(१) सामान्यतया देहायको अवस्थामा विद्यालयहरू स्वतः समायोजन हुनेछन :

(क) दुई वा सो भन्दा बढि विद्यालयहरू वीचको पैदल दुरी सहज आवागमन सहित बढीमा ३० (तीस) मिनेट वा दुई किलो मिटर सम्म भई कक्षा ५(पांच) सम्म सञ्चालन रहेको,

(ख) तोकिएबमोजिमको पूर्वाधार पुरा नभएमा,

(ग) २ (दुई) वा सो भन्दा बढी विद्यालयका विद्यालय व्यवस्थापन समितिले आपसमा गाभेर सञ्चालन गर्ने निर्णयका साथ वडा समितिको सिफारिश सहित गाउँपालिकामा निवेदन दिएमा,

(घ) कुनै पनि विद्यालयमा तोकिएको भन्दा कम विद्यार्थी भएमा तिनीहरूको शिक्षाको लागि गाउँपालिकाले दफा ७ (१) बमोजिमको विद्यालयमा वा अन्य विद्यालयमा सवै विद्यार्थीहरूलाई अध्ययनको व्यवस्था मिलाएमा,

(२) बिद्यार्थी संख्याको आधारमा वा विद्यालय नक्साङ्कनको आधारमा, विद्यालयमा कक्षा स्थगन वा बन्द गर्न आवश्यक देखिएमा शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्नेछ ।

(३) ) यस दफा बमोजिम अन्य व्यवस्थाहरू तोकिए बमोजिम हुनेछ ।

(९) आवासीय विद्यालय सञ्चालन गर्न सक्ने :

(१) गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्रका विकट र छरिएका ग्रामीण बस्तीहरूमा सञ्चालित दफा (७) को उपदफा (१) बमोजिम समायोजन गरिएका विद्यालयमा अध्ययनरत विद्यार्थी तथा अनिवार्य आधारभूत शिक्षा सुनिश्चितताको लागि तोकिएको विद्यालयलाई आवासीय विद्यालयको रूपमा सञ्चालन गर्न सक्नेछ ।

(२) दफा (८) को उपदफा (१) बमोजिम संचालित विद्यालयहरूमा तोकिए बमोजिमका विद्यार्थी तथा विद्यालय उमेर समूहका विद्यालय बाहिरका बालबालिकाहरूले निशुल्क आवासीय सुविधा सहित आधारभूत शिक्षा प्राप्त गर्नेछन् ।

(३) अनिवार्य तथा आधारभूत शिक्षाको पहुँच तथा गुणस्तरीयता सुनिश्चित गर्न गाउँपालिकाले समायोजन गरेका विद्यालयका वालवालिकालाई तोकिए बमोजिम यातायातको व्यवस्था गरी अन्य विद्यालयमा व्यवस्थापन गर्न सक्नेछ ।

(४) यस दफा सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(१०) शाखा विद्यालय सञ्चालन गर्न सक्ने : तोकिएको सीमा भन्दा कम विद्यार्थी सङ्ख्या भई कुनै सामुदायिक विद्यालय तत्काल अन्य विद्यालयमा समायोजन हुन सक्ने अवस्था नभएमा सो विद्यालयलाई वडा भित्रको वा नजीकैको कुनै माध्यमिक विद्यालयको शाखा विद्यालयको रूपमा सञ्चालन हुने गरी गाउँपालिकाले तोक्न सक्नेछ । यसरी तोकिएको विद्यालयको व्यवस्थापन समिति मातृ विद्यालयले तोके बमोजिम हुनेछ ।

(११) ठुला (मेघा) विद्यालय सञ्चालन गर्न सक्ने :

(१) हाल सञ्चालनमा रहेका कुनै इच्छुक विद्यालयले दफा (४३) मा उल्लेखित पूर्वाधारका अतिरिक्त निम्न बमोजिमका पूर्वाधार र सर्त पुरा गरेमा गाउँपालिकाले ठूला विद्यालयको रूपमा सञ्चालन गर्न तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ :

(क) कम्तिमा २००० (दुई हजार) भन्दा बढी विद्यार्थी भएको,

(ख) न्यूनतम तहगत र विषयगत दरवन्दी भएको,

(ग) आधारभूत शिक्षा उत्तीर्ण परीक्षामा तोकिएको स्तर कायम गरेको तथा माध्यमिक शिक्षा परीक्षा र एस.इ.इ. परीक्षाको नतिजा राष्ट्रिय स्तरको भन्दा उच्च रहेको,

(घ) पर्याप्त जमिन तथा पूर्वाधार भएको वा विकास गर्न सकिने आधार भएको,

(२) उपदफा (१) बमोजिम संचालित विद्यालयहरूलाई संघ वा प्रदेश वा गाउँपालिकाले देहायका क्षेत्रमा थप लगानी गर्न सक्नेछ :

(क) कक्षा कोठा, प्रयोगशाला र अन्य पूर्वाधार विकास तथा यातायात व्यवस्थापनमा,

(ख) विद्यार्थी सङ्ख्या र सञ्चालित कक्षा (सेक्सन समेत) को आधारमा थप विषयगत शिक्षकको व्यवस्थापन,

(ग) दफा (७) बमोजिम समायोजन भएको वा दफा (८) बमोजिम संचालित विद्यालयका विद्यार्थीहरूलाई आवासको व्यवस्थाका लागि आवास भवन निर्माण तथा छात्राबास सञ्चालनका लागि अनुदान दिने

(१२) सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने :

(१) गाउँपालिकाले समुदायमा पुस्तकालय स्थापना र संचालन, साक्षरता, सीप विकास र निरन्तर सिकाइ तथा सचेतनामूलक कार्यहरू समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ।

(२) सिकाइ केन्द्रका लागि तोकिएको मापदण्डमा आधारित भएर अनुदानको व्यवस्था गर्नेछ।

(१३) प्रारम्भिक बाल विकास शिक्षा सम्बन्धि व्यवस्था :

(१) तोकिएको मापदण्डमा आधारित भई प्रारम्भिक बाल विकास शिक्षा सञ्चालनको अनुमति सम्बन्धित वडा कार्यालयको सिफारिसमा शिक्षा समितिले दिनेछ।

(२) प्रारम्भिक बालविकास शिक्षा वा पूर्व प्राथमिक विद्यालयको अवधि २ (दुई) वर्षको हुनेछ।

(३) ३ (तीन) वर्ष उमेर नपुगेका बालबालिकालाई प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना गर्न तथा ५ (पाँच) वर्ष पुरा भएका बालबालिकालाई यस्ता केन्द्रमा राखिरहन पाइने छैन।

(४) सामुदायमा आधारित बाल विकास केन्द्र नजिकको विद्यालयलाई जिम्मेवार बनाई मातृ विद्यालयको रूपमा तोकिएबमोजिम संचालन गरिनेछ।

(१४) अन्य शिक्षा सम्बन्धि व्यवस्था :

गाउँपालिकाले आफ्ना नागरिकहरूको शिक्षा सम्वन्धी विविध आवश्यकता पूरा गर्न आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर तथा खुल्ला शिक्षा र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको तोकिए बमोजिम व्यवस्था गर्न सक्नेछ।

## परिच्छेद-३

## पाठ्यक्रम, पाठ्यपुस्तक शिक्षाको माध्यम र परीक्षा तथा मुल्यांकन र अतिरिक्त क्रियाकलाप सम्बन्धी व्यवस्था

(१५) पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धि व्यवस्था :

(१) गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्न सक्नेछ ।

(२) विद्यालयले नेपाल सरकार, गण्डकी प्रदेश सरकार गाउँपालिकाले स्वीकृत गरेको पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्री लागु गर्नुपर्नेछ ।

(३) स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक विकास र व्यवस्थापन तथा पाठ्यपुस्तकको उपलब्धता सम्बन्धमा अनुगमन लगायतका कामको लागि तोकिए बमोजिमको पाठ्यक्रम विकास तथा अनुगमन समिति रहनेछ ।

(१६) थप पाठ्यपुस्तक तथा पाठ्यसामाग्री अध्यापन गर्न स्वीकृति लिनुपर्ने :

(१) कुनै विद्यालयले थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोग गर्न चाहेमा पाठ्यक्रम विकास केन्द्रमा सूचीकृत थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोगको लागि तोकिए बमोजिमको आधार र प्रकृया पूरा गरी शिक्षा शाखा प्रमुख बाट स्वीकृति लिनुपर्नेछ ।

(२) विद्यालयले अध्यापन गराउने ऐच्छिक विषयको स्वीकृति शिक्षा शाखा प्रमुखबाट लिनु पर्नेछ ।

(१७) शिक्षाको माध्यम :

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली, अंग्रेजी वा दुवै भाषा हुन सक्नेछ । तर, देहायको अवस्थामा शिक्षाको माध्यम निम्न बमोजिम हुन सक्नेछ ।

(क) प्राथमिक शिक्षा (कक्षा १-५) मातृ भाषामा दिन सकिनेछ,

(ख) भाषा विषय अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ,

(ग) शिक्षणको माध्यम सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१८) परीक्षाको सञ्चालन र मुल्यांकन :

बिद्यालयको अवस्था, विद्यार्थीको प्राज्ञिक तथा नेतृत्व सम्बन्धि मुल्यांकन र कक्षागत बार्षिक परीक्षाको मुख्य दायित्व शिक्षा समितिको हुनेछ ।

(१) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८) साथै अन्य तह र कक्षाको अन्तिम परीक्षाको संचालन र प्रमाणिकरण परीक्षा समितिले गर्नेछ । अन्य विभिन्न कक्षाको सिकाइ उपलब्धि परीक्षा तोकिएबमोजिम सञ्चालन हुनेछ ।

(२) माध्यमिक तह (कक्षा ९ -१२) को परीक्षा प्रचलित कानून अनुसार सञ्चालन हुनेछ ।

(३) दफा (१) बमोजिमको परीक्षा संचालन गर्न निम्नानुसारको गाउँपालिका स्तरीय परिक्षा संचालन समिति रहनेछ

(क) प्रमुख प्रशासकीय अधिकृत – संयोजक

(ख) गाउँपालिकाभित्रका माध्यमिक वा कक्षा ८ सञ्चालन भएका आधारभूत विद्यालयका

प्रधानाध्यापक / शिक्षकहरूमध्येबाट कम्तीमा एक जना महिला पर्ने गरी सामुदायिक र संस्थागत विद्यालयको एक/एक जनाको प्रतिनिधित्व हुने गरी सिक्षा समितिको अध्यक्षबाट मनोनित तीन जना - सदस्य

(ग) शिक्षा शाखा प्रमुख – सदस्य सचिव

(४) परीक्षा समितिले विषय वशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) उपदफा (१) बमोजिम गठित समितिको मनोतित सदस्यको पदावधी एक शैक्षिक सत्रको लागि मात्र हुनेछ ।

(६) उपदफा (१) बमोजिम गठित समितिले अन्य कक्षाको परीक्षा सञ्चालन, व्यवस्थापन र सुधारमा समेत आवश्यक सहयोग गर्नेछ

(७) परीक्षा समितिको काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

(८) शिक्षा समितिले आफ्नो आन्तरिक क्षमता वा अन्य सामाजिक संघ, संस्था गैह्रसरकारी संस्था वा बिज्ञ संगको साझेदारीमा कक्षागत बार्षिक परीक्षा बाहेक विद्यालयको अवस्था, विद्यार्थीको शैक्षिक अवस्था, आधारभूत ज्ञानको परीक्षण, नेतृत्व बिकास सम्बधि मुल्यांकन र शिक्षाको गुणस्तर मापन गर्न सक्नेछ ।

(१९) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन :

(१) विद्यालयले प्रत्येक शुक्रबार पाठ्यक्रममा आधारित अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ ।

(२) प्रत्येक विद्यालयले अनिवार्य बालक्लव गठन गर्नुपर्नेछ ।

(३) परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, वतृत्वकला, हाजिरी जवाफ जस्ता शैक्षिक क्रियाकलाप सञ्चालन गरी विद्यार्थीको प्रतिभा प्रस्फुटन गर्न प्रेरित गर्नुपर्नेछ ।

(४) गाउँपालिकाले शिक्षक र विद्यार्थीको शैक्षिक तथा शारिरीक सक्षमता वृद्धिका लागि विभिन्न किसिमका शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद-४

## शिक्षा समिति तथा विद्यालय ब्यबस्थापन समिति सम्बन्धि ब्यबस्था

(२०) गाउँ शिक्षा समिति :

(१) गाउँपालिका भित्र संञ्चालन हुने विद्यालयको सञ्चालन र व्यवस्थापनको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहने छ ।

(क) गाउँपालिकाको अध्यक्ष – अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) कार्यपालिकाको सदस्यमध्येबाट कम्तीमा एक जना महिला सहित कार्यपालिकाले मनोनित गरेको दुई जना - सदस्य

(घ) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक -सदस्य

(ङ) सामुदायिक र संस्थागत विद्यालयको प्रधानाध्यापक मध्येवाट अध्यक्षले मनोनित गरेको १/१ जना गरी दुई जना - सदस्य

(च) विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरू मध्येबाट समितिले मनोनित गरेको एक जना -सदस्य

(छ) स्थानीय शिक्षा विद्, शिक्षा प्रेमी मध्येबाट अध्यक्षले मनोनित गरेको १ जना - सदस्य

(ज) अध्यक्षले मनोनित गरेको गाउँपालिकाको अधिकृत स्तरको कर्मचारी - सदस्य

(झ) शिक्षा शाखा प्रमुख -सदस्य सचिव

(२) गाउँपालिकास्तरीय शिक्षक महासंघको अध्यक्षलाई शिक्षा समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(३) गाउँपालिकास्तरीय अभिभावक संघको अध्यक्षलाई शिक्षा समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(४) विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई शिक्षा समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(५) शिक्षा समितिको बैठक प्रत्येक दुई महिनामा कम्तीमा एक पटक बस्नुपर्नेछ ।

(६) बैठक सञ्चालनको लागि कम्तीमा ५० प्रतिशत भन्दा बढी सदस्यको उपस्थिति आवश्यक पर्नेछ, बैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

(७) दफा (१) बमोजिम मनोनित सदस्यको पदावधी दुई वर्षको हुनेछ ।

(८) शिक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(९) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पुरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टिकरणको मौकाबाट बञ्चित गरिने छैन ।

(२१) **वडा शिक्षा समिति सम्बन्धी व्यवस्थाः**

(१) प्रत्येक वडामा शिक्षा सम्वन्धी काम गर्नको लागि देहाय वमोजिमको वडा शिक्षा समितिको गठन गरिनेछ ।

(क) सम्बन्धित वडाको वडा अध्यक्ष – अध्यक्ष

(ख) वडा समितिले आफू मध्येबाट छनौट गरी पठाएको कम्तीमा एक जना महिला सहित दुई जना – सदस्य

(ग) वडाभित्र सञ्चालित विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट वडा समितिले मनोनित गरेको एक जना – सदस्य

(घ) वडाभित्र सञ्चालित विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूमध्येबाट वडा समितिले मनोनित गरेको एक जना – सदस्य

(ङ) वडाभित्रका शिक्षा विद्, शिक्षाप्रेमी मध्येबाट वडा समितिले मनोनित गरेको एक जना – सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव – सदस्य सचिव

(२) वडा शिक्षा समितिको बैठक कम्तिमा दुई महिनामा एक पटक बस्नेछ ।

(३) दफा (१) मनोनित सदस्यको पदावधी दुई वर्षको हुनेछ ।

(४) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२२) विद्यालय व्यवस्थापन समिति सम्बन्धि ब्यबस्था :

विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति हुनेछ ।

(१) सामुदायिक विद्यालयको व्यवस्थापन समिति :

(क) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) अभिभावकले आफूहरूमध्येबाट छानी पठाएका कम्तीमा २ (दुई) जना महिला सहित ४ (चार) जना -सदस्य

(ख) सम्बन्धित वडा अध्यक्ष वा वडा समितिले तोकेको सो समितिको सदस्य १ (एक) जना - सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षा प्रेमी, विद्यालयलाई उल्लेख्य सहयोग गरेका स्थानीय व्यात्तिहरू मध्येबाट विद्यालय ब्यवस्थापन समितिको सिफारिसमा अध्यक्षले मनोनीत गरेको १ (एक) जना महिला सहित दुईजना - सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरू मध्येबाट छानेको १ (एक) जना - सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(ख) विद्यालय व्यवस्थापन समितिको लागि अभिभावकको भेलाले उपदफा (१) को उपखण्ड (क) अनुसारका सदस्यहरू छानेको मितिले ७ (सात) दिन भित्र वि.व्य.स.

को पहिलो बैठक बसी उपदफा (१) क, को उपखण्ड (ग) अनुसारको सदस्यहरू मनोनयनका लागि सिफारिस गरिसक्नु पर्नेछ ।

(ग) खण्ड (ख) अनुसार सदस्य मनोनयन गरेको मितिले १५ (पन्द्र) दिन भित्र वि.व्य.स. को दोस्रो बैठक बसी उपदफा (१) क, को उपखण्ड (क), (ख) र (ग) बमोजिमका सदस्यहरूमध्येबाट अध्यक्षका लागि बिद्यालय बिकास प्रस्ताव माग गरी उत्कृस्ट प्रस्ताव पेश गर्ने बढीमा ३ सदस्यलाई विद्यालय व्यवस्थापन समितिको बैठकले छनौट गरी सो प्रस्ताव सहित सिफारिस गरेको व्यक्तिहरू मध्येबाट एक जनालाई लाई शिक्षा समितिले अध्यक्षको लागि मनोनयन गर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम बैठक बसी अध्यक्षको लागि सिफारिस गर्न नसकेमा खण्ड (ग) बमोजिम तोकिएको समय वितेको ५ (पांच) दिन भित्र सो व्यहोरा प्रधानाध्यापकले शिक्षा समितिमा प्रतिवेदन सहित पेश गर्नु पर्नेछ । सो प्रतिबेदन प्राप्त भएपछि (१) क, को उपखण्ड (क), (ख) र (ग) बमोजिमका सदस्यहरू मध्येवाट पेश भएका बिद्यालय बिकास प्रस्तावको आधारमा शिक्षा समितिले अध्यक्ष मनोनयन गर्नेछ ।

(ङ) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मको लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(च) विद्यालय स्तरीय बालक्लबले मनोनयन गरेको एक जना छात्रा र एक जना छात्र गरी दुई जना विद्यार्थी विद्यालय व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गर्नुपर्नेछ ।

(छ) विद्यालय व्यवस्थापन समितिको पदावधि तीन बर्षको हुनेछ ।

(ज) प्राविधिक र व्यावसायिक विषयमा अध्यापन वा तालिम गराइने माध्यमिक विद्यालयको व्यवस्थापन समितिमा गाउँपालिका क्षेत्र भित्रका सम्बन्धित बिषय तथा व्यवसायसंग आवद्धहरूमध्ये शिक्षा समितिले मनोनित गरेको बढीमा २ (दुई) जना थप सदस्य रहनेछन् ।

(झ) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा ५०% (पचास प्रतिशत) सदस्यहरू अपाङ्गता भएका व्यक्तिको अभिभावकहरू रहनेछन् ।

(ञ) व्यवस्थापन समितिका पदाधिकारीहरूको योग्यता र गठन सम्बन्धि अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

(२) संस्थागत, सहकारी र शैक्षिक गुठी विद्यालयको व्यवस्थापन समिति :

(क) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहने छ :

(क) विद्यालयको सिफारिशमा शिक्षा समितिवाट मनोनित भएका व्यक्ति – अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको १ (एक) जना - सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येवाट वडा समितिको सिफारिशमा मनोनित गरेको १ (एक) जना महिला सहित कम्तिमा २ जना (दुई) – सदस्य

(घ) शिक्षा शाखा प्रमुखले तोकेको सो कार्यालयको एक जना प्रतिनिधि – सदस्य

(ङ) सम्बन्धीत विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको १ (एक) जना शिक्षक - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(ख) उपदफा (१) को खण्ड (क) बमोजिमको व्यक्ति सिफारिश गर्दा सम्बन्धित विद्यालय कम्पनी अन्तरगत सञ्चालित भए कम्पनीको शेयर सदस्य मध्येबाट र सहकारी वा शैक्षिक गुठी अन्तरगतबाट सञ्चालित भए शेयर सदस्य वा गुठीयार मध्येबाट सिफारिश गर्नु पर्नेछ ।

(३) दफा २२ (१) र (२) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि ३ (तीन) वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा तोकिएको शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदवाट हटाउनु अघि आफ्नो सफाइ पेश गर्ने मौका वाट बञ्चित गरिने छैन ।

(४) विद्यालय व्यवस्थापन समितिको अन्य काम कर्तव्य अधिकार र बैठक सम्बन्धि कार्यविधि तोकिए बमोजिन हुनेछ ।

(२३) विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः

(१) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको निष्कर्ष सहितको प्रतिवेदनको आधारमा सम्बन्धित वडा समितिले सिफारिश गरेमा र शिक्षा समिति वा शिक्षा शाखाबाट अनुगमन र छानविन गर्दा सो सिफारिस प्रमाणित भएमा त्यस्तो विद्यालयको व्यवस्थापन समिति शिक्षा समितिले विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब माफिक मौका दिनु पर्नेछ ।

(२) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको निष्कर्ष सहितको अनुगमन प्रतिवेदनको आधारमा शिक्षा शाखाले शिक्षा समितिमा गरेको सिफारिस अनुसार शिक्षा समितिले जाँचबुझ गर्दा सो प्रमाणित भएमा त्यस्तो विद्यालयको व्यवस्थापन समिति शिक्षा समितिले विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि

विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब माफिक मौका दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भए पछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न शिक्षा समितिले ३ (तीन) सदस्यीय अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(२४) शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्था :

(१) प्रत्येक विद्यालयमा विद्यालयका सम्पूर्ण शिक्षक तथा अभिभावकहरू सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ ।

(२) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष, प्रधानाध्यापक तथा कम्तीमा एक जना शिक्षक र अभिभावकहरू समेत बढीमा एघार सदस्य भएको सो संघको कार्यकारी समिति रहनेछ ।

(३) कार्यकारी समितिको पदावधि दुई वर्षको हुनेछ ।

(४) कार्यकारी समितिको गठन, बैठक तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२५) विद्यालय सञ्चालन कार्यविधि :

(१) यो ऐन र प्रचलित कानूनको अधिनमा रही प्रत्येक विद्यालयले आफ्नो लक्ष्य, मूल्य, मान्यता,सञ्चालन प्रकिया, शिक्षक, कर्मचारी, अभिभावक तथा अन्य सरोकारवालाहरूको आचार संहिता, शिक्षक कर्मचारी, अभिभावक, विद्यार्थी र अन्य सरोकारवालाको जिम्मेवारी, कर्तव्य र दायित्व तथा विद्यालय सञ्चालन विधि र प्रक्रिया लगायत अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विद्यालय सञ्चालन विनियम, अभिभावक भेलाबाट पारित गरी शिक्षा समितिबाट स्वीकृत गराइ कार्यान्वयन गर्नु पर्नेछ ।

(२) विद्यालय सञ्चालन विनियम अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(३) विद्यालय सञ्चालन विनियम सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५

## आर्थिक प्रबन्ध, सहायता र छुट

(२६) गाउँ शिक्षा विकास कोष :

(१) सामुदायिक विद्यालयको सञ्चालन र व्यवस्थापन तथा ऐनको अन्य व्यवस्था कार्यान्वयनका लागि आँबुखैरेनी गाउँपालिका अन्तरगत गाउँ शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् :

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयको वार्षिक आम्दानी मध्ये तोकिए बमोजिमको रकम,

(ङ) सहकारी विद्यालयबाट प्राप्त हुने सो विद्यालयको कुल नाफाको तोकिए बमोजिमको रकम,

(च) दफा (३२) को उपदफा (४) बमोजिम संस्थागत विद्यालयबाट प्राप्त रकम,

(छ) चन्दा, दान, दातब्यबाट प्राप्त रकम,

(ज) शिक्षा सम्बन्धी करको ब्यवस्था बापत प्राप्त हुने रकम,

(झ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) अनुदान वा अन्य रूपमा कोषमा प्राप्त हुने स्रोतमा उल्लेखित शर्त बमोजिमको शिर्षकमा खर्च हुने बाहेकको गाउँ शिक्षा विकास कोषमा प्राप्त हुने रकमबाट गाउँ शिक्षा विकास अक्षय कोष स्थापना गर्नु पर्नेछ । कोषमा प्राप्त हुने रकम सर्बप्रथम शिक्षा विकास कोषमा जम्मा गर्नु पर्नेछ र गाउँ शिक्षा विकास कोषमा खर्च नभई बांकी भएको रकम मात्र गाउँ शिक्षा विकास अक्षय कोषमा जम्मा गर्नु पर्नेछ । गाउँ शिक्षा विकास अक्षय कोषमा रकम जम्मा भई सकेपछि अक्षय कोषबाट रकम निकाल्न पाईने छैन, अक्षय कोष क्रमसः बृद्धि हुदै जानेछ । अक्षय कोषको ब्याज आम्दानीबाट उपदफा (४) बमोजिम खर्च गर्न पाईनेछ ।

(४) गाउँ शिक्षा विकास अक्षय कोषको रकम स्वतन्त्र सूचनाको प्रतिस्पर्धा आधारमा धेरै ब्याज प्राप्त हुने “क” बर्गको बैंकमा जम्मा गर्नु पर्नेछ र अक्षय कोष बापत प्राप्त हुने बार्षिक ब्याज रकमको २० % (बीस प्रतिशत) रकम पूनः गाउँ शिक्षा विकास अक्षय कोषमा जम्मा गर्नु पर्नेछ र बांकी ८० % (असी प्रतिशत) रकम तोकिए बमोजिम कार्यक्रम बनाई सामुदायिक विद्यालयहरूको शैक्षिक विकास कार्यक्रममा उपयोग गर्नु पर्नेछ ।

(५) गाउँपालिकाको सामुदायिक विद्यालयहरूको शैक्षिक विकासमा खर्च गर्ने गरी गाउँ शिक्षा विकास कोष तथा गाउँ शिक्षा विकास अक्षय कोषको सञ्चालन सम्बन्धी अन्य ब्यवस्था तोकिए बमेजिम हुनेछ । गाउँ शिक्षा विकास कोष तथा गाउँ शिक्षा विकास अक्षय कोषको खाता संचालन शिक्षा शाखा प्रमुख र प्रमुख प्रशासकिय अधिकृतले तोकेको लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(६) गाउँ शिक्षा विकास कोष तथा गाउँ शिक्षा विकास अक्षय कोषको आन्तरिक तथा महालेखा परिक्षकबाट लेखा परिक्षण हुनेछ । कुनै कारणबाट गाउँ शिक्षा विकास अक्षय कोष खारेज हुन गएमा कोषमा भएको रकम गाउँपालिकाको संचित कोषमा हस्तान्तरण हुनेछ ।

(२७) विद्यालय विकास कोष :

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय विकास कोष हुनेछ । विद्यालय विकास कोष स्थापना गर्नु प्रत्येक विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

(२) विद्यालय विकास कोषको श्रोत :

(क) अनुदान,

(ख) ऋण,

(ग) चन्दा, दान, दातब्य

(घ) भाडा, शुल्क,

(ङ) निजी तथा अन्य आम्दानी।

(३) कानुनमा वा स्रोत अनुसार स्पष्ट तोकिएर खर्च गर्ने भनिएको शिर्षकका रकमहरू बाहेकको रकम उपदफा (१) बमोजिम कोषमा अक्षय (नमासिने) रूपमा जम्मा गरी राख्नु पर्नेछ।

(४) विद्यालय विकास कोष स्थापना तथा बृद्धि गर्न गाउँपालिकाले एक पटक विउ पूंजी रकम अनुदान स्वरूप सामुदायिक विद्यालयको अवस्था हेरी उपलब्ध गराउन सक्नेछ।

(५) विद्यालय विकास कोषको नियमानुसार सामाजीक र लेखा परिक्षण गर्नु पर्नेछ।

(६) विद्यालय विकास कोषको रकम सार्वजनिक सूचनाको प्रतिस्पर्धा आधारमा धेरै ब्याज प्राप्त हुने "क" बर्गको बैंकमा जम्मा गर्नु पर्नेछ र कोष बापत प्राप्त हुने बार्षिक ब्याज रकमको ४० % (चालीस प्रतिशत) रकम पूनः विद्यालय विकास कोषमा जम्मा गर्नु पर्नेछ र बांकी ६०% (साठी प्रतिशत) रकम तोकिए बमोजिम कार्यक्रम बनाई विद्यालयहरूको शैक्षिक विकास कार्यक्रममा उपयोग गर्नु पर्नेछ।

(७) कोष विद्यालय रहदा सम्म अविच्छिन्न सञ्चालनमा रहनेछ भने विद्यालय समायोजन भएको खण्डमा कोष समायोजन हुने विद्यालयको विद्यालय विकास कोषमा समायोजन गर्नु पर्नेछ। कुनै कारणबाट विद्यालय विकास कोष बेवारिसे हुन गएमा कोषको रकम गाउँ शिक्षा विकास अक्षय कोषमा हस्तान्तरण गर्नु पर्नेछ।

(८) उपदफा (१) वमोजिमको कोषको रकम हिनामिना तथा दुरूपयोग गरेमा सम्बन्धित व्यक्तिलाई प्रचलित कानुन बमोजिम कार्वाही हुनेछ र सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(९) विद्यालय विकास कोषको खाता संचालन विद्यालयका प्रधानाध्यापक र विद्यालयको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(१०) विद्यालय विकास कोषमा प्रत्येक महिना वा प्राप्ती श्रोत आधारमा रकम जम्मा गर्नु विद्यालयको कर्तव्य हुने छ।

(११) विद्यालय विकास कोष संचालन सम्बन्धमा यो ऐन तथा प्रचलित कानून प्रतिकुल नहुने गरी अक्षय कोषको मर्म अनरूप ब्यवस्थित रूपमा संचालन गर्न विद्यालयले कार्यविधि तर्जुमा गरी नियमानुसार स्वीकृत गरी लागु गर्न सक्नेछ।

(१२) यस सम्वन्धि अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ।

(२८) विद्यालय र बाल बिकास केन्द्रलाई अनुदानको व्यवस्था :

(१) गाउँपालिकाले तोकिएको आधारमा सामुदायिक विद्यालय र बाल बिकास केन्द्रलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई

दिइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न यस दफाले वाधा पुर्याएको मानिने छैन ।

(२) अनुदान सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२९) विद्यालयलाई छुट र सुविधा :

(१) सामुदायिक विद्यालय र शैक्षिक गुठी वा सहकारीको रूपमा सञ्चालित विद्यालयलाई संघीय र प्रादेशिक कानूनमा भएको व्यवस्था बमोजिम छुट र सुविधा हुनेछ ।

(२) सामुदायिक वा शैक्षिक गुठी वा सहकारीको रूपमा सञ्चालित विद्यालयलाई गाउँपालिकाले आफूले लगाएको कर वा अन्य सेवा वा सुविधामा तोकिए बमोजिम विशेष छूट दिन सक्नेछ ।

(३०) बजेट तयार गर्नेः

सामुदायिक विद्यालयका प्रधानाध्यापकले आगामी आर्थिक वर्षको अनुमानित आयव्ययको बजेट प्रत्येक वर्षको माघ मसान्त भित्र तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

(३१) विद्यालयको आय व्ययको लेखाः विद्यालयको आयव्ययको लेखा तोकिए बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

(३२) सामाजिक परीक्षण तथा लेखा परीक्षण गराउनेः

(१) सामुदायिक विद्यालयले आफ्नो वार्षिक कार्यक्रम र कार्यप्रगतिको वार्षिक रूपमा तोकिएको मितिमा सामाजिक परीक्षण गर्नुपर्नेछ साथै कार्यपालिकाबाट खटिएको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ ।

(२) सामाजिक परीक्षण र लेखापरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३३) बरबुझारथ गर्नेः

विद्यालयको नगदी, जिन्सी मालसामानको लगत, स्रेस्ता राख्ने जिम्मा लिएको शिक्षक वा कर्मचारी सरूवा भई वा अन्य कारणबाट विद्यालय छोडी जाने भएमा आफ्नो जिम्मामा रहेको नगदी तथा जिन्सी मालसामानको बरबुझारथ सामान्यतया एक्काइस दिनभित्र गर्नु पर्नेछ ।

(३४) उपदफा (१) बमोजिम बरबुझारथ नगर्ने शिक्षक तथा कर्मचारीलाई रमानापत्र दिइने छैन । साथै निजले कुनै रकम वा मालसमान हिनामिना गरेको रहेछ भने सो वापतको रकम निजले पाउने जुनसुकै रकमबाट असुल उपर वा सोधभर्ना गरिनेछ ।

## परिच्छेद-६

## अनिवार्य तथा निशुल्क शिक्षा, विद्यार्थी सहायता तथा छात्रवृति सम्बन्धि व्यवस्था

(३५) शुल्क सम्बन्धी व्यवस्थाः

(१) नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाले निःशुल्क शिक्षा घोषणा गरेको तहसम्म सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन । तर संस्थागत विद्यालयले गाउँ शिक्षा समितिले तोकेबमोजिमको शुल्क लिन बाधा पर्ने छैन ।

(२) संस्थागत विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइ सकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन

पाउने छैन ।

(३) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(४) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले पच्चिस हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(३६) विद्यालयलाई प्रदान गरिने छुट र सुविधाः

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकार वा गाउँपालिकाले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सकिनेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

(३७) अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ब्यबस्था:

(१) नेपालको संविधान प्रदत्त मौलिक अधिकार तथा नेपाल सरकारद्धारा जारी अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धि ऐन, २०७५ बमोजिम ४ (चार) वर्ष पुरा भई १३ (तेह्र) वर्ष पुरा नभएका बालवालिका लागि आधारभूत तह सम्म अनिवार्य शिक्षाको व्यवस्था गरिनेछ ।

(२) सामुदायिक विद्यालयबाट लक्षित उमेर समूह आधारभूत शिक्षा (०-८) का सबै बालवालिकालाई गाउँपालिकाले तोकिए बमोजिम निशुल्क शिक्षा उपलब्ध गराउनेछ ।

(३) नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाले निःशुल्क शिक्षा घोषणा गरेको तहसम्म सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन । तर संस्थागत विद्यालयले गाउँ शिक्षा समितिले तोकेबमोजिमको शुल्क लिन बाधा पर्ने छैन ।

(४) उपदफा (२) र (३) बमोजिम प्रदान गरिएको शिक्षामा कुनै विद्यालयले शुल्क लिएमा त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गराइ सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई शिक्षा शाखा प्रमुखले शिक्षा समितिको अनुमतिमा सचेत गराउने, प्रधानाध्यापकलाई विभागीय कारवाही गर्ने तथा विद्यालयलाई पच्चिस हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(५) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) संस्थागत विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइ सकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालयले कुनै संघ संस्था वा अभिभावकले आफ्नो इच्छाले दिएको कुनै दान, उपहार, चन्दा वा सहयोग लिन बाधा पर्ने छैन ।

(८) अनिवार्य शिक्षा उपलब्ध हुने उमेर समूहका वालवालिकालाई विद्यालयमा नपठाउने वा

वालश्रममा लगाउने अभिभावक, संरक्षक वा उद्योगी, व्यापारी वा अन्य व्यक्तिलाई गाउँपालिकाले तोकिए बमोजिम दण्ड जरिवाना गर्नेछ । त्यस्ता व्यक्ति वा संस्थालाई गाउँपालिकाबाट उपलब्ध हुने सेवा सुबिधा रोक्का वा स्थगन गरिनेछ । जरिवाना तथा कारवाही सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३८) विद्यार्थी सहायता तथा छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः

(१) गाउँपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीहरूलाई संघिय र प्रदेश सरकारले उपलब्ध गराएको छात्रवृतिको अतिरिक्त तोकिए बमोजिम अन्य आर्थिक, सहायता र छात्रवृतिको व्यवस्था गर्न सक्नेछ ।

(३९) संस्थागत विद्यालयले छात्रवृति उपलब्ध गराउनु पर्ने:

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्या वा प्रत्येक कक्षामा तोकिएको न्यूनतम विद्यार्थी सङ्ख्या जुन धेरै हुन्छ सो को १० % (दश प्रतिशत) मा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रूपमा विपन्न, अपाङ्गता भएकाहरू, महिला,दलित वा जनजाति तथा अल्पसङ्ख्यक र अन्य समुदायका विद्यार्थीहरूलाई छात्रवृति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृतिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापकको संयोजकत्वमा र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधित्व रहेको एक छात्रवृति छनौट समिति रहनेछ ।

(३) समितिले छनौटका लागि आधार, शर्त र प्रकृया तयार गरी सार्वजनिक गर्नु पर्नेछ । गाउँपालिकाले छनौटको आधार सहितको निर्देशन दिएमा सो आधारलाई मुख्य आधार मानी छात्रवृत्ति छनौट गर्नु पर्नेछ ।

(४) माथि जुनसुकै कुरा उल्लेख गरिएको भए पनि गाउँपालिकाले थप कार्यविधि वनाई प्रत्येक विद्यालयका लागि छात्रवृतिको कोटा तोकि निर्दिष्ट प्रक्रिया मार्फत् परीक्षाका माध्यमबाट छात्रवृतिमा अध्ययन गर्ने विद्यार्थी आफै वा सम्वन्धित विद्यालयलाई नै छनौट र सिफारिश गर्न तोक्न सक्नेछ । यसरी छनौट र सिफारिश भएका विद्यार्थीलाई निशुल्क अध्यापन गराउनु सम्बन्धित विद्यालयको दायित्व हुनेछ ।

(५) कुनै विद्यालयले छात्रवृति प्रदान गर्नुको सट्टामा उपदफा (१) बमोजिम निर्धारण भएको छात्रवृति कोटा बराबरको रकम सम्बन्धित गाउँ शिक्षा बिकास कोषमा जम्मा गर्ने गरी तोक्न सक्नेछ । यसरी तोकिएको रकम गाउँ शिक्षा समितिले तोकिएको कार्यविधि बमोजिम स्थापित आवासीय सामुदायिक विद्यालयमा अध्ययनरत विपन्न र लक्षित वर्गको छात्रछात्राहरूको आवासीय छात्रवृत्तिमा खर्च गर्नेछ ।

## परिच्छेद-७

## विद्यालय शिक्षण सेवाको गठन, सञ्चालन र विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरवन्दी,सेवाशर्त, वृत्तिविकास, योग्यता एवं सक्षमताको मापदण्डसम्बन्धि व्यवस्था

(४०) विद्यालय शिक्षण सेवाको गठन :

(१) संघीय कानूनमा व्यवस्था भए बमोजिम गाउँपालिकामा एक विद्यालय शिक्षण सेवा गठन हुनेछ ।

(२) शिक्षकहरूको सेवाको सर्त (योग्यता, तह, श्रेणी विभाजन र अन्य सेवा सुविधा) संघीय र प्रादेशिक कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(३) संघीय र प्रादेशिक कानूनको अधिनमा रही गाउँपालिकाले शिक्षकको सेवा, शर्त सम्बन्धि तोकिए बमोजिम थप व्यवस्था गर्न सक्नेछ ।

(४) गाउँपालिकाले आफ्नो आन्तरिक स्रोतबाट ब्यबस्था गर्ने गरी शिक्षा समिति मार्फत शिक्षकको दरबन्दी सृजना गर्न, स्थानीय आवश्यकता हेरी शिक्षक तथा कर्मचारीको योग्यता, मापदण्ड तथा सेवा सुबिधा निर्धारण गर्न र सो बमोजिम शिक्षक तथा कर्मचारीको करारमा नियुक्ति गर्न सक्नेछ ।

(५) विद्यालयमा कायम रहने शिक्षकहरूको दरबन्दी र पद तोकिए बमोजिम हुनेछ ।

(६) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयमा आवश्यक पर्ने शिक्षक तथा कर्मचारीहरूको दरबन्दी, सेवाशर्त, योग्यता, पदीय आचरण, सरूवा, बढुवा र सक्षमता तोकिए बमोजिम हुनेछ ।

(७) शिक्षक तथा कर्मचारीको तलब, भत्ता र अन्य सुविधा संघीय कानून अनुसार र यस ऐन अन्तर्गत तोकिए बमोजिम हुनेछ । शिक्षक तथा कर्मचारीको निवृत्तिभरण, उपदान, उपचार खर्च र अन्य व्यवस्था संघीय कानून अनुसार हुनेछ ।

(८) शिक्षक तथा कर्मचारीको अवकास सम्बन्धी व्यवस्था संघीय कानून अनुसार हुनेछ ।

(९) शिक्षक तथा कर्मचारीको सजायँ सम्बन्धी व्यवस्था संघीय कानून र यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीले तोकेबमोजिम हुनेछ ।

(१०) शिक्षकले पाउने विदा तोकिए बमोजिम हुनेछ ।

(११) स्थायी आवासीय अनुमति लिन नहुनेः सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिनु हुदैन । यो दफा प्रारम्भ हुनुअघि कसैले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा निजले काम गरेको सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ । यसरी बर्खास्त हुने शिक्षकले संघीय शिक्षा ऐनमा उल्लेख भए अनुसारका सुविधा मात्र प्राप्त गर्नेछ ।

(४१) शिक्षकको नियुक्ति:

(१) स्वीकृत दरबन्दीमा स्थायी शिक्षकको नियुक्ती संघीय कानून बमोजिम शिक्षक सेवा आयोगको सिफारिशमा शिक्षा समितिको निर्णय अनुसार शिक्षा शाखा प्रमुखले गर्नेछ ।

(२) विद्यालयमा रिक्त दरबन्दी तथा शिक्षक अनुदान कोटामा स्थायी पदपूर्ति नहुदा सम्म वा दफा ३३ को उपदफा ४ बमोजिम करारमा शिक्षक नियुक्तिको व्यवस्था गर्न निम्न बमोजिमको गाउँपालिका स्तरीय शिक्षक छनौट समिति हुनेछ । शिक्षक छनौट समितिको

प्रशासनिक कार्य र जनशक्तिको व्यवस्था शिक्षा शाखाले गर्नेछ ।

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य -अध्यक्ष

ख) शिक्षा अधिकृत वा निजले तोकेको कर्मचारी -सदस्य

ग) गाउँपालिकाले तोकेको विशेषज्ञ २ जना -सदस्य

घ) प्रधानाध्यापक -सदस्य-सचिव

(३) समितिका सदस्यहरूको सेवा, सुविधा, बैठक तथा अन्य व्यवस्थापन तोकिए बमोजिमहुनेछ ।

(४) छनौट समितिबाट सिफरिस भएका व्यक्तिलाई बढीमा १ (एक) शैक्षिक सत्रको लागि करारमा नियुक्ति गर्नेछ ।

(५) शिक्षक छनौट सम्बन्धमा करार शिक्षक छनौट समितिले शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रमको पालना गर्नु पर्नेछ।

(६) समितिले गरेका मुख्य मुख्य कार्य, सुधार गर्नु पर्ने पक्षहरू तथा तोकिएका अन्य विवरणहरू समाबेश गरी तयार पारिएको वार्षिक प्रतिवेदन गाउँपालिका अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

(७) गाउँ शिक्षा समितिले यस सम्वन्धी आंसिक वा पूर्ण अधिकार विद्यालय शिक्षक छनौट समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(८) यस सम्बन्धी अन्य व्यवस्था तोकिएवमोजीम हुनेछ ।

(४२) सरूवा सम्बन्धि व्यवस्था :

(१) गाउँपालिका भित्रका समुदायिक विद्यालयहरूमा आधारभूत तहको प्राथमिक शिक्षकहरूलाइ समान तहको दरवन्दीमा तथा आधारभूत तहका निम्नमाध्यमिक र माध्यमिक तहका शिक्षकहरूलाई सम्बन्धित बिषय र तहको दरबन्दीमा शिक्षा समितिको निर्णयानुसार शिक्षा शाखा प्रमुखले तोकिए बमोजिम सरूवा गर्नेछ ।

(२) आवश्यकता अनुसार गाउँपालिका भित्रका शिक्षकलाई ५ (पांच) बर्षको समय तोकी एक विद्यालयबाट अर्को विद्यालयमा सरूवा गर्नु पर्नेछ । यसरी सरूवा भई अर्को विद्यालयमा गएका शिक्षक कम्तिमा ४ (चार) वर्ष र वढिमा ५ (पांच) वर्ष सम्म सोही विद्यालयमा रहनेछन् । नि.मा.वि., मा.वि. र प्राविधिक धारका शिक्षकहरूको अध्यापनको विषयमा असर नपर्ने गरी मात्र सरूवा गरीने छ ।

(३) दरबन्दीमा कार्यरत स्थायी शिक्षकलाई समयावधि भन्दा अगावै सरूवा गर्नु पर्ने भएमा कार्यरत विद्यालयको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी शिक्षा शाखा प्रमुखले अर्को स्थानीय तहमा सरूवाको लागि सहमति दिन सक्नेछ ।

(४) अन्य स्थानीय तह अन्तरगतका विद्यालयमा कार्यरत स्थायी शिक्षकले सरूवा भई यस गाउँपालिका भित्रका कुनै विद्यालयमा आउन चाहेमा कार्यरत विद्यालय तथा स्थानीय तहको सहमति र आउने विद्यालयको सहमति सहित शिक्षा शाखामा निवेदन दिनु पर्नेछ ।

(५) संघीय र प्रादेशिक कानूनमा अन्यथा व्यवस्था गरिएकोमा वाहेक अन्तर स्थानीय तह सरूवा

गर्दा गाउँपालिकामा उही दरबन्दीमा सरूवा भएर आउने शिक्षकहरू बीच शिक्षक छनौट समितिले परीक्षा ( लिखित, मौखिक वा दुवै) लिई सवै भन्दा उच्च अङ्क प्राप्तगर्ने शिक्षकलाइ सरूवाको सिफारिश गरिनेछ ।

(६) यो ऐन जारी हुनु भन्दा अघि देखि कार्यरत राहत,करार शिक्षक वा थप अनुदानमा कार्यरत शिक्षकलाइ पनि सोही दरबन्दी तथा थप अनुदान कोटामा उपदफा (१) र (२) बमोजिम सरूवा गरिने छ ।

(७) सेवा निवृत्त हुन १ (एक) वर्ष भन्दा कम सेवा अवधि बाँकी रहेको शिक्षकको अन्तर स्थानीय तहमा सरूवाका लागि सहमति प्रदान गरिने छैन ।

(८) शिक्षक सरूवा सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४३) काज सम्बन्धि व्यवस्था :

(१) सामुदायिक विद्यालयमा कार्यरत कुनै पनि शिक्षकलाई शिक्षा समितिले आवश्यकता र औचीत्यताका आधारमा कुनै पनि विद्यालयमा काज खटाउन सक्नेछ ।

(२) सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकलाई शिक्षा समितिले शिक्षा शाखा, गाउँपालिकाको शैक्षिक कार्यक्रमहरू तथा शैक्षिक प्रशासनका क्षेत्रहरूमा काज खटाउन सक्नेछ । यसरी काज खटाउनु पूर्व निजले अध्यापन गर्ने विद्यालय र विषयको पठन पाठनको सुनिश्चितता गर्नु पर्नेछ ।

(४४) प्रधानाध्यापक, सहायक प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी सम्बन्धि व्यवस्था :

(१) प्रत्येक सामुदायिक विद्यालयमा बिद्यालयको प्राज्ञिक साथै प्रशासनिक कार्य गर्न एक जना प्रधानाध्यापक र संघीय तथा प्रादेशिक कानून एवं गाउँपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा शिक्षक र कर्मचारीको दरबन्दि रहनेछ ।

(२) विद्यालयको अवस्था हेरी प्रधानाध्यापकको कार्यलाई सहज बनाउन बिद्यालयमा बढीमा दुई जना सहायक प्रधानाध्यापक रहनेछ ।

(३) प्रधानाध्यापक छनौट गर्नका लागि गाउँपालिकामा कार्यरत सम्बन्धित तहको शिक्षक पदमा कम्तीमा २ (दुई) बर्ष सेवा गरेका स्थायी शिक्षकहरू मध्येबाट बिद्यालय बिकास प्रस्ताव सहित मुल्यांकन बिधि अपनाई छनौट गर्नु पर्नेछ ।

(४) प्रधानाध्यापकको पदावधि ५ (पाँच) वर्षको हुनेछ । निज सोही विद्यालयको प्रधानाध्यापक पदमा बढीमा २ कार्यकालमात्र नियुक्त हुन सक्ने छ ।

(५) उपदफा (३) मा लेखिएको कुनै कुराले एउटा विद्यालयमा दुई कार्यकाल पूरा गरेका प्रधानाध्यापकलाई अर्को विद्यालयमा प्रधानाध्यापक हुन कुनै बाधा परेको मानिने छैन ।

(६) प्रधानाध्यापकले गाउँपालिकासँग कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ ।

(७) कार्य सम्पादन सम्झौता अनुसार प्रधानाध्यापकले कार्य गर्न नसके शिक्षा समितिले जुनसुकै बखत निजलाई हटाउन सक्नेछ । तर यसरी हटाउनु पूर्व निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन।

(८) प्रधानाध्यापकको छनौट सम्बन्धी कार्यविधि, नियुक्ति, सेवा, शर्त र सुविधा, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(९) महिला शिक्षकलाई प्रधानाध्यापक बनाउन थप प्रोत्साहन अंक प्रदान गरी कार्यसम्पादन करार मूल्यांकन लगायत तोकिएको मापदण्डका आधारमा प्रधानाध्यापक नियुक्त गर्न सकिनेछ ।

(१०) उपदफा (१) र (२) बमोजिमका प्रधानाध्यापक, सहायक प्रधानाध्यापक र कर्मचारीहरूको नियुक्ति तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(११) यस दफामा  जुनसुकै कुरा लेखिएतापनी विद्यालयको अवस्था र शैक्षिक गुणस्तर बृद्दी गर्न योग्यता पुगेका शिक्षकहरूमध्ये बाट शिक्षा समितिले निर्णय गरी प्रधानाध्यापक नियुक्त गर्न बाधा पर्ने छैन ।

(१२) यस सम्वन्धि अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

(४५) दरबन्दी मिलान :

(१) प्राथमिक तहमा विद्यार्थी सङ्ख्या र अन्य तहमा विद्यार्थी सङ्ख्या तथा सञ्चालित कक्षा (सेक्सन समेत) र अध्यापन गरिने विषयको आधारमा शिक्षा समितिले दरबन्दी मिलान गर्नेछ । दरवन्दी मिलान प्रत्येक वर्ष विद्यालयवाट प्राप्त तथ्याङ्कलाई सत्यापन गरेर मात्र गरीनेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको दरबन्दी मिलानवाट सरूवा हुने शिक्षकले पत्र पाएको मितिले १ (एक) हप्ता भित्र रमाना लिई तोकिएको विद्यालयमा हाजिर भईसक्नुपर्नेछ । यसरी हाजिर नहुने, रमाना नदिने र हाजिर नगराउने प्रधानाध्यापक र शिक्षकलाइ शिक्षा समितिको निर्णय अनुसार तोकिए बमोजिम कारवाही गर्नु पर्नेछ ।

(३) कुनै बिषयमा आवश्यक नभएका शिक्षक दरबन्दी वा बढी भएका दरबन्दी शिक्षा समितिले फाजिलमा राख्नेछ । यस्ता दरबन्दीमा कार्यरत शिक्षकलाई शिक्षा शाखाले व्यवस्थापन गर्नेछ । कुनै कारणले यस्ता शिक्षकको पद रिक्त भएमा पदपूर्ति गरिने छैन ।

(४) संघिय तथा प्रदेश सरकारबाट प्राप्त शिक्षक दरबन्दी पुनर्वितरण तथा मिलान गरिसकेपछि विद्यालयलाई दरबन्दी नपुग भएमा गाउँपालिकाले आफ्नो स्रोतमा थप दरबन्दी सिर्जना गर्न सक्नेछ ।

(५) दरबन्दी मिलान सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४६) शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः

(१) शिक्षक तथा कर्मचारीको पदीय आचरण कायम राख्नुपर्नेछ । देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन गाउँपालिकामा सिफारिश गर्नु पर्नेछ :

(क) तोकिए बमोजिमका पदीय दायित्व पुरा नगरेमा,

(ख) बिना सूचना लगातार १५ (पन्द्र) दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित

रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा मासिक तलब लिने गरी अन्य काम गरेमा वा अन्य कुनै व्याबसायिक कृयाकलाप गरेमा,

(ङ) उपदफा (१) (घ) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठन पाठनमा वाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्वन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन वा प्रचलित कानून बमोजिम काम गर्न बाधा परेको मानिने छैन।

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाइएमा,

(छ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ज) स्थायी आवासीय अनुमति लिएमा,

(झ) तोकिए वमोजिम शैक्षिक उपलब्धि प्राप्त गर्न नसकेमा,

(ञ) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा गाउँकार्यपालिकाले निजलाई पदवाट हटाउन सक्नेछ । तर कार्यरत पदवाट हटाउनु अघि सफाइको मनासिब मौका भने प्रदान गरिनेछ।

(२) प्रत्येक शिक्षकले आफ्नो शैक्षिक योग्यता अनुसार प्र.अ.ले स्वीकृत गरेको समय तालिका अनुसार अध्यापन गर्नुपर्ने छ । यसरी तल्लो तहको शिक्षकले माथील्लो कक्षामा अध्यापन गर्दा विद्यालय व्यवस्थापन समितिले थप आर्थीक भार वहन गर्न बाध्यहुने छैन ।

(३) प्रत्येक शिक्षकले साप्ताहिक रूपमा कम्तिमा २५ घण्टी अध्यापन गर्नु पर्नेछ।

(४) विद्यालय (०-१२ कक्षा) भित्र मौजुदा शिक्षक (निजी स्रोत समेत) ले उप-दफा (३) वमोजीम अध्यापन गर्दा वढी संख्या हुन आउने शिक्षकलाइ शिक्षा समितिको स्वीकृति लिएर शिक्षा शाखाले अन्य विद्यालयमा सरूवा गरी व्यवस्थापन गर्ने छ ।

(५) विद्यालयमा शिक्षक उपलब्ध भएसम्म कक्षा १-३ सम्म ग्रेड शिक्षण गर्नुपर्ने छ।

(६) शिक्षक, कर्मचारी सबैले तोकिए वमोजिम कार्य सम्पादन सम्झौता गर्नुपर्नेछ । त्यसको आधारमा कार्यसम्पादन मुल्यांकन गरिनेछ।

(७) यस सम्वन्धि अन्य व्यवस्था तोकिए वमोजीम हुनेछ ।

(४७) शिक्षक तथा कर्मचारीको गुनासो व्यवस्थापन :

(१) सामुदायिक विद्यालयको शिक्षक र कर्मचारीको पेशागत गुनासो सम्बन्धित विद्यालयका प्रधानाध्यापक र प्रधानाध्यापकको गुनासो विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ । सो सम्बन्धि गुनासोको अध्ययन गरी सम्भव भएको उपाय अपनाई तोकिए बमोजिम

सम्बन्धित निकायले गुनासो फछ्र्यौट गर्नु पर्नेछ।

(२) विद्यालय तहबाट फछयौट हुन नसके उचित कारण खोलि ३० (तीस) दिन भित्र शिक्षा शाखा समक्ष पेश गर्नु पर्नेछ।

(३) विद्यालय तहबाट प्राप्त गुनासोको ३० (तीस) दिन भित्र प्रचलित कनून अनुसार सम्बोधन गर्नु शिक्षा शाखा प्रमुखको कर्तव्य हुनेछ ।

(४) शिक्षा शाखा प्रमुखनले फछयौंट गर्न नसकेको पेशागत गुनासो शिक्षा समितिमा पेश गरिनेछ।

(५) गाउँ शिक्षा समितिले गरेको गुनासो फछ्र्यौट अन्तिम हुनेछ ।

(४८) दरवन्दी स्वीकृत गर्नु पर्ने :

(१) सामुदायिक विद्यालयले सरकारी दरबन्दीमा वाहेक अन्य स्रोतवाट शिक्षक नियुक्ति गर्नको लागि तोकिए वमोजिम शिक्षा शाखाले विद्यालयको आफनो दरबन्दी बिश्लेषण तथा कार्यभार शिक्षा समितिबाट स्वीकृत गराएर मात्र भर्ना गर्न पर्नेछ ।

(४९) तलव भत्ता नपाउने र सेवा अवधि गणना नहुने :

दफा (३७) मा भएको व्यवस्था को प्रतिकूल नहुने गरी वा नियमानुसार बिदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलव, भत्ता पाउने छैनन् र त्यस्तो अवधी निजको सेवा अवधिमा समेत गणना हुने छैन ।

## परिच्छेद -८

## पुरस्कार र सम्मान तथा दण्ड र सजाय

(५०) पुरस्कार र सम्मान

(१) शिक्षाको विकास, गुणस्तरीय शिक्षा, विद्यार्थीको सर्वाङर्गिण विकासमा विशेष टेवा पऱ्याउने विद्यालय, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अभिभावक तथा उत्कृष्टता हासिल गर्ने विद्यार्थीहरू वा अन्य व्यक्ति र संस्थाहरूलाई गाउँपालिकाले तोकिए बमोजिम विभिन्न मापदण्डको आधारमा सम्मान र पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

(२) यस्तो पुरस्कार र सम्मानको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५१) दण्ड र सजाय :

(१) कसैले विद्यालयको सम्पति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाइ संघीय र प्रादेशिक कानून बमोजिम मुद्दा हेर्ने अधिकारीले विगो असूल गरी बिगो वमोजिम जरिवाना गर्न सक्नेछ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुयाएमा त्यस्तो व्यक्तिलाइ कसूरको अवस्था हेरी संघीय र प्रदेशिक कानूनमा व्यवस्था भएकोमा सोही वमोजिम र नभएमा रू.१००,०००।- (एक लाख) रूपैया सम्म जरिवाना वा छ महिना सम्म कैद वा दुवैसजाय हुनेछ :

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तर पुस्तिका परीक्षण गर्दा लापरवाही तथा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृती बेगर प्रबेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रण लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै कक्षा, शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा, ट्यूशन कक्षा वा परीक्षा तयारी कक्षा सञ्चालन गरेमा,

(झ) अनुमति नलिई माथिल्लो कक्षा सञ्चालन गरेमा वा सञ्चालन अनुमति नपाएको कुनै कक्षा सञ्चालन गरी शैक्षिक प्रमाण पत्र जारी गरेमा,

(ञ) अन्य विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई आफ्नो विद्यालयबाट परीक्षाको लागि रजिष्ट्रेशन गराएमा, परीक्षामा सहभागी गराएमा वा शैक्षिक योग्यताको प्रमाण-पत्र जारी गरेमा,

(ट) दफा (४७) अनुसार तोकिएको शुल्क विपरित हुने गरी कुनै संस्थागत विद्यालयले शुल्क लिएमा,

(३) उपदफा (१) र (२) मा लेखिएको देखि बाहेक कसैले यो ऐन वा ऐन अर्न्तगत वनेको नियम उल्लघन गरेमा तोकिएको अधिकारीले देहाय वमोजिम सजाय गर्न सक्नेछ :

(क) विद्यालयका शिक्षक र कर्मचारीलाई बिभागीय सजाय र जरिवाना गर्ने,

(ख) विद्यार्थीलाई छात्राबास वा परीक्षाबाट निष्काशन गर्ने,

(ग) शिक्षक वा अन्य व्यक्ति भए कसूरको मात्रा हेरी बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्ने,

(घ) विद्यालयलाइ सरकारी सहायता घटाउने, रोक्ने वा बन्द गर्ने,

(ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृती रद्द गर्ने।

## परिच्छेद-९

## विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड र सम्पत्ति व्यवस्थापन

(५२) विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारणः

(१) विद्यालयको विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री वातावरण, करेसावारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय, सिकाइ मैत्री वातावरण हुनु पर्नेछ ।

(२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, छात्राहरूलाई सेनिटरी प्याड जस्ता न्यूनतम सुविधा उपलब्ध हुनु पर्नेछ ।

(३) विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार लगायत अन्य मापदण्ड तोकिए बमोजिम हुनेछ।

(५३) विद्यालयको सम्पत्तिः

(१) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ । सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालय, सामुदायिक बाल विकास केन्द्र, गाउँपालिका अन्तर्गतको कुनै कार्यालय, सामुदायिक सिकाइ केन्द्र, सङ्ग्राहलय, सीप विकास केन्द्र, सामुदायिक पुस्तकालय वा सामुदायिक हितमा उपयोग गर्न सक्नेछ । यसरी प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेच बिखन गरी प्राप्त भएको रकम शिक्षा विकास कोषमा जम्मा हुनेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । त्यस्तो सम्पत्तिको स्वरूप परिवर्तन गर्न पाइने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखेको भएतापनि शैक्षिक गुठी वा त्यस्तो गुठीका सञ्चालककले आफ्नो लगानीको पुरै वा आंशिक हिस्सा तोकिए बमोजिम उत्तराधिकारीलाई हस्तान्तरण गर्न सक्नेछ ।

(४) कुनै कारणले शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालय बन्द भएमा त्यस्तो विद्यालयको नाममा रहेको सम्पत्ति मध्ये सार्वजनिक गुठीको रूपमा सञ्चालित विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति हुनेछ र त्यस्तो सम्पत्ति नेपाल सरकारले कुनै सामुदायिक विद्यालय वा शैक्षिक संस्थाको काममा प्रयोगमा ल्याउन सक्नेछ र निजी गुठी अन्तर्गत सञ्चालित विद्यालयको सम्पत्ति उपदफा (३) बमोजिम कसैलाई हस्तान्तरण नगरेको भएमा त्यस्तो गुठीका तत्काल कायम रहेका गुठी सञ्चालक (ट्रष्टी) ले तोके बमोजिमको विद्यालय वा शैक्षिक संस्थालाई दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निजी गुठीका सञ्चालकले सो सम्पत्ति कुनै विद्यालय वा शैक्षिक संस्थालाई नदिएमा वा त्यस्ता गुठीका सञ्चालक नै नभएमा सो विद्यालयको नाममा रहेको सम्पत्ति कुनै सामुदायिक विद्यालय वा शैक्षिक संस्थालाई उपलब्ध गराउन सकिनेछ ।

(६) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ, संस्था संग दान, दातव्यको रूपमा कुनै किसिमको

चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनुपर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थावाट चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ । यसरी प्रक्रिया नपुगी लिएको सम्पत्ति स्वतः गाउँपालिकाको हुनेछ ।

(७) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।

(५४) विद्यालय सम्पत्ति संरक्षण तथा व्यवस्थापन समितिः

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्तिको संरक्षण र व्यवस्थापन तथा संस्थागत विद्यालयको सम्पत्तिको शैक्षिक प्रयोजनार्थ उपयोगको सम्बन्धमा कार्य गर्न देहाय अनुसारको विद्यालय सम्पत्ति संरक्षण समिति रहनेछ :

(क) शिक्षा समितिको अध्यक्ष वा निजले तोकेको सदस्य - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) गाउँपालिकाको नापी शाखा प्रमुख - सदस्य

(घ) गाउँपालिकाको पूर्वाधार शाखा प्रमुख - सदस्य

(ङ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) कुनै विद्यालयको जग्गाको व्यवस्थापन सम्बन्धि बिषयमा छलफल गर्न आयोजित बैठकमा सो विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई आमन्त्रित सदस्यको रूपमा सहभागी गराउन सकिनेछ।

(३) समितिको काम, कर्तव्य र अधिकार तथा बैठक संचालन सम्बन्धि ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१०

## विद्यालयको शुल्क निर्धारण सम्वन्धी व्यवस्था

(५५) विद्यालयको वर्गीकरण

विद्यालयको बर्गीकरण सम्बन्धी ब्यवस्था संघीय कानून अर्न्तगत तोकिए बमोजिम हुनेछ।

(५६) संस्थागत र सहकारी विद्यालयको सुल्क निर्धारण सम्वन्धी व्यवस्था :

(१) संस्थागत र सहकारी विद्यालयले विद्यार्थीसंग लिन पाउने शुल्क निर्धारणको लागि देहाय अनुसारको शुल्क निर्धारण समिति रहनेछ :

(क) शिक्षा समिति अध्यक्ष - अध्यक्ष

(ख) सामाजिक समिति संयोजक - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) संस्थागत वा सहकारी विद्यालयको

बि.व्य.स. अध्यक्षहरू मध्येबाट शिक्षा
समितिले मनोनित गरेको १ (एक) जना - सदस्य

(ङ) अभिभावकका क्षेत्रमा कामगरेका संघ/संस्थाका
अध्यक्षहरू मध्य बाट अध्यक्षले मनोनीत गरेको
१ (एक) जना - सदस्य

(च) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) बिद्यालयको बर्गीकरणका आधारमा शुल्क निर्धारण समितिले तोकिएको आधारमा शुल्क निर्धारण गर्नेछ । तोकिएको शुल्क लागु गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

(३) शुल्क निर्धारण समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धि ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-११

## क्षमता अभिवृद्धि, सुपरिवेक्षण तथा शैक्षिक गुणस्तर

(५७) विद्यालय तथा शिक्षकको क्षमता अभिवृद्धि तथा सुपरिवेक्षणको व्यवस्थाः

(१) गाउँपालिकाले विद्यालय तथा शिक्षकको क्षमता अभिवृद्दि तथा सुपरिपेक्षणको आवश्यक स्रोत र कर्मचारीको व्यवस्था गर्न सक्नेछ ।

(२) दफा १ अनुसार ब्यबस्थापन गर्न आवश्यक महसुस गरिएमा गाउँपालिकाले थप जनशक्ति व्यवस्था गर्न सक्नेछ । यसरी नियुक्त गर्दा विद्यालयमा कार्यरत शिक्षकहरू मध्ये विद्यायललाई पठन-पाठनमा अवरोध नआउने गरी समेत व्यवस्था मिलाउन सकिनेछ ।

(३) यस ऐन कार्यान्वयनमा आउँदाको हकमा, यस्तो नियुक्ति गर्नु परेमा यस गाउँपालिका भित्र पहिले नै कार्यरत स्रोत व्यक्तिहरूलाई प्राथमिकता दिईनेछ।

(४) शिक्षा शाखामा कार्यरत कर्मचारीहरू तोकिएको विद्यालयमा गई सुपरिवेक्षण गर्नेछन र सम्वन्धित गरेका कार्यहरूको प्रतिवेदन प्रत्येक १५ (पन्ध्र) दिनमा गाउँ शिक्षा समितिमा पेश गर्नु पर्नेछ ।

(५) सुपरिवेक्षण सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५८) कार्यसम्पादन मुल्यांकन

(१) गाउँपालिका भित्र स्थापित विद्यालयहरू, कार्यरत शिक्षक, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिको पालिका स्तरीय कार्यसम्पादन मुल्यांकनक व्यवस्था गरिनेछ।

(५९) गुणस्तर मापन तथा मुल्यांकन

(१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेका विद्यालयहरूको अवस्था र विद्यार्थीको सिकाई स्तर तथा शैक्षिक गुणस्तर मूल्यांकान र परीक्षण कार्यहरू गर्न सक्नेछ । यस्तो कार्य गर्न स्थानिय, प्रदेश स्तरिय, राष्ट्रिय वा अन्तराष्ट्रिय विज्ञ, विश्वविद्यालय, गैरसरकारी, सरकारी वा अन्य संघ

संस्थासँग सहकार्य गर्न सक्नेछ ।

(२) गुणस्तरीय शिक्षाको मानक तथा त्यसको मूल्यांकनका मापदण्ड र शर्तहरू तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१२
## विविध

(६०) अनुमति वा स्वीकृति रद्द गर्ने :

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा शिक्षा समितिले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(६१) विद्यालयलाई सुरक्षित र शान्ति क्षेत्रको रूपमा कायम गर्नु पर्ने :

(१) विद्यालयमा स्वतन्त्र र भय रहित रूपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालय क्षेत्र भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्न पर्नेछ ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

(३) विद्यालय हाता भित्र कुनै पनि राजनीतिक दलको भेला, सेमिनार, गोष्ठी वा आम सभा गर्न पाइने छैन ।

(४) बालबालिकालाई बालबालिकासंग सम्बन्धित बाहेक अन्य कुनै पनि जुलुस, प्रदर्शन आदिमा सहभागी गर्न गराउन पाइने छैन ।

(५) उपदफा (१) बमोजिम सुरक्षित र शान्ति क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(६२) शैक्षिक परामर्श सेवा, विद्यालय बाहिरको शिक्षण वा अन्य शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धि व्यवस्थाः

(१) शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा, सीपमूलक तालिम, ट्यूशन, कोचिङ कक्षा वा परीक्षा तयारी कक्षाको अनुमति लिने सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) विदेशी मुलुकको कुनै शैक्षिक कार्यक्रम सञ्चालनको लागि अनुमती दिने सम्बन्धी ब्यवस्था संघीय कानून बमोजिम तोकिए अनुसार हुनेछ ।

(३) उपदफा (१) र (२) को व्यवस्था विपरित सञ्चालित शैक्षिक कार्यक्रम गाउँपालिकाले बन्द गर्नेछ भने त्यस्तो संस्था वा शैक्षिक कार्यक्रम सञ्चालकलाई कानून बमोजिम कारवाही गरिनेछ ।

(६३) प्रगति विवरण बुझाउनु पर्नेः

प्रत्येक विद्यालयले प्रत्येक शैक्षिक सत्र सकिएको एक महिना भित्र तोकिए बमोजिमको विवरणहरू

समावेश गरी वार्षिक प्रगति विवरण शिक्षा शाखामा बुझाउनु पर्नेछ ।

(६४) नमुना विद्यालय सञ्चालन तथा व्यवस्थापनः

(१) शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले एकमुष्ट अनुदान दिने गरी विद्यालयको कुनै सामुदायिक विद्यालयलाई नमुना विद्यालयको रूपमा छनौट गर्न सक्नेछ । सो विद्यालयको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) अनुसार नमुना विद्यालय संचालन तथा व्यबस्थापन गर्न दफा (५६) अनुसार साझेदारी गर्न सकिनेछ ।

(६५) साझेदारी वा सहकार्य गर्न सकिने :

(१) यो ऐनमा गुन्सुकै कुरा लेखिएको भएपनि सामुदायिक विद्यलयको व्यवस्थापन सुधार गर्न, गुणस्तरिय शिक्षाको विकास तथा विद्यार्थीहरूको सिकाई अभिवृद्धि सम्बन्धि कार्य गर्न, शिक्षक तथा कर्मचारीको तालीम तथा क्षमताको अभिबृद्दी गर्न, विद्यालता तथा विद्यार्थीको शैक्षिक अवस्थाको मुल्यांकन गर्न साथै दफा (५७), (५९), (६४), (६७) र (७२) मा भएको ब्यबस्था कार्यान्वियन गर्न प्रचलित कानून वमोजिम सञ्चालनमा रहेका गैरसरकारी वा गैरनाफामूलक संस्थासंग पालिकाले पारस्परीक साझेदारी वा सहकार्य गर्न सक्नेछ ।

(२) दफा (१) बमोजिमको साझेदार संस्थालाई सामुदायिक विद्यालयको पूर्ण वा आंशिक ब्यबस्थापन गर्ने गरी सम्झौता गर्न सकिनेछ ।

(६६) नियम, निर्देशिका र कार्यविधि बनाउने अधिकार :

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले अन्य विषयको अतिरिक्त देहायका विषयहरूमा आवश्यक नियम बनाउन सक्नेछ।

(क) विद्यालयको नामाकरण, झण्डा, चिन्ह र प्रार्थना,

(ख) विद्यालयलाई दिइने अनुदान,

(ग) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन,

(घ) अक्तिरिक्त तथा सहक्रियाकलाप,

(ङ) विद्यार्थी भर्ना र विद्यार्थी संख्या सम्बन्धि,

(च) छात्रावासको अनुमति, स्वीकृति र सञ्चालन तथा अनुगमन,

(छ) विद्यालयको आय-व्यय जाँच र विद्यालयको खाता संचालन,

(ज) विद्यालयको किताब, बहि र अन्य कागजात तयार गर्ने तथा राख्ने तरिका,

(झ) संघीय र प्रादेशिक कानूनको परिधिमा रहेरविद्यालयको पाठ्यक्रम,

(ञ) पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री निर्माण तथा स्वीकृति,

(ट) शिक्षक तथा विद्यार्थी आचार संहिता, विद्यालय र समुदायमा पुस्तकालय तथा वाचनालय,

(ठ) शिक्षक कर्मचारी तथा विद्यालय व्यवस्थापन सम्बन्धि तालिम,

(ड) भाषा शिक्षण, ट्यूशन सेन्टर, तयारी कक्षा वा अन्य यस्तै विद्यालय बाहिरका शिक्षा,

(ढ) विद्यार्थी सल्लाह, परामर्श, निर्देशन र सुरक्षा,

(ण) विद्यार्थी परिवहन,

(त) संस्थागत विद्यालयको सञ्चालन सम्बन्धि सम्पूर्ण विषयहरू,

(थ) गुठी विद्यालय सञ्चालन सम्बन्धी,

(द) स्रोत केन्द्र र स्रोत व्यक्ति,

(ध) सहकारी विद्यालय सञ्चालन सम्बन्धि,

(न) युवा तथा खेलकुद,

(ऩ) प्राविधिक र वहुप्राविधिक शिक्षालय सञ्चालन सम्वन्धि

(प) विज्ञ समूह गठन सम्बन्धी,

(फ) ऐनमा उल्लेखित अन्य विषयहरू।

(२) यस ऐनको कार्यान्वयनको लागि उपदफा (१) बमोजिमको नियम अर्न्तगत रहेर गाउँकार्यपालिकाले आवश्यक निर्देशिका कार्यविधि बनाई लागु गर्न सक्नेछ।

(६७) स्वयंसेवक परिचालन गर्न सकिने:

(१) स्नातक उपाधि प्राप्त गरेका स्नातकलाई गाउँपालिकाको शैक्षिक विकासमा सहभागी गराउन गाउँपालिकाले त्यस्तो स्नातकलाई शैक्षिक स्वयंसेवकको रूपमा परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वयंसेवाप्रदान गर्ने स्नातकलाई आवश्यक तालिम तथा निर्बाहका लागि प्रतिमहिना निर्वाह खर्च उपलब्धगराउनेछ ।

(३) स्वयम्सेवकले सम्झौता बमोजिमको काम गर्दा सम्झौता बमोजिम पाउने सुविधा र उपदफा (२) बमोजिम पाउने निर्वाह खर्च बाहेक अन्य कुनै पारिश्रमिक र रकम पाउनेछैन ।

(४) सम्झौता अनुसार सफल कार्य सम्पादन गर्ने स्वयंसेवकलाई गाउँपालिकाले स्वयंसेवा पूरा गरेको प्रमाणपत्र दिनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विषयमा अध्ययन पूरा गरी उपाधि प्राप्त गर्न आवश्यक व्यवहारिक अभ्यास (इन्टर्नशीप) र तोकिएको शर्त पूरा गरी स्वेच्छाले थप व्यवहारिक अभ्यास गरेकोमा त्यसरी गरेको थप व्यवहारिक अभ्यासको अवधिलाई पनि स्वयंसेवा गरेको मानिनेछ ।

(६) स्वयंसेवा परिचालन गर्दा गाउँपालिकाले स्वयमसेवा परिचालनमा राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा ख्याति प्राप्त संस्थाहरूसंग सहकार्य र समन्वय गर्न सक्नेछ ।

(७) स्वयंसेवा संचालन तथा परिचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(६८) बाल क्लव सम्बन्धि ब्यबस्था:

(१) हरेक विद्यालयमा विद्यार्थीहरूको नेतृत्व र क्षमता वृद्धि गर्न तथा उनीहरूको विद्यालयप्रति अपनत्वको भावना विकास गर्न र सर्वाङ्गीण विकासमा सहयोग पुर्याउन बाल क्लवको गठन

गरिनेछ ।

(२) वाल क्लवको गठन विधि, प्रक्रिया, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(६९) संस्थागत विद्यालयको हकमा लागु नहुनेः

यस ऐनको दफाहरू (४०), (४१), (४२), (४३), (४४), (४५), (४७), (४८), (४९) संस्थागत विद्यालयको हकमा लागु हुने छैन ।

(७०) शिक्षा सल्लाहकार नियुक्त गर्न सक्नेः गाउँपालिका अध्यक्षले शिक्षा क्षेत्रमा विशेष योगदान गरेका व्यक्तिहरू मध्येबाट गाउँपालिकालाई आर्थिक भार नपर्ने गरी विज्ञ सल्लाहकार नियुक्त गर्न सक्नेछन ।

(७१) प्राविधिक तथा ब्यबसायीक शिक्षालय संचालन गर्न सक्ने :

गाउँपालिकाले आफ्नै लगानीमा वा साझेदारीमा गैरनाफामुलक प्राविधिक शिक्षालय संचालन गर्न सक्नेछ । यसरी संचालन गर्दा विश्वविद्यालय अथवा सि.टि.इ.भि.टी. बाट सम्वन्धन प्राप्त गर्नुपर्नेछ । यस सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजीम हुनेछ ।

(७२) तेस्रो पक्षबाट मुल्याकन गराउन सक्नेः

यस गाउँपालिका क्षेत्र भित्र संचालित सम्पूर्ण वा कुनै एक शैक्षीक कार्यक्रम को मुल्याङ्कन तेस्रो पक्षबाट गराउन सक्नेछ । यस सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजीम हुनेछ।

(७३) विज्ञको सुची तयार गर्नुपर्ने:

गाउँपालिकाले विभिन्न बिषयगत विज्ञको सुची तयार गर्नुपर्नेछ ।

(७४) सक्रमणकालिन व्यवस्था : यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली बनाउँदा सम्म गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

(७५) वाधा अडकाउ फुकाउने अधिकारः

यस ऐनको उद्देश्य कार्यान्वियन गर्न कुनै वाधा-अडकाउ परेमा गाउँकार्यपालिकाले त्यस्तो वाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐन बमोजिम भएको मानिनेछ तर त्यस्तो आदेश लगत्तैको गाउँसभाबाट ऐन संशोधन प्रक्रियाबाट अनुमोदन भई ऐनमा समावेश हुनु पर्नेछ अन्यथा सोतह बदर हुनेछ ।

(७६) बचाउ र खारेजी :

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा व्यवस्था भएका जति कुरामा यसै बमोजिम र यसमा नलेखिएको कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यो ऐन जारी हुनुपूर्व यस सम्बन्धी गाउँ कार्यपालिका, शिक्षा समिति र शिक्षा शाखाबाट भए गरेका कार्यहरू यसै अनुरूप भए गरेको मानिनेछ ।

**आज्ञाले**
**विष्णुप्रसाद शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**